
# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६९/७० को एघार महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

1. आर्थिक वर्ष २०६९/७० को एघार महिनासम्ममा विस्तृत मुद्रा प्रदाय १०.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्रा प्रदाय १७.९ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, संकुचित मुद्रा प्रदाय अघिल्लो वर्षको सोही अवधिमा १०.६ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ११.२ प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा भने २०७० जेठ मसान्तमा विस्तृत मुद्रा प्रदाय १५.२ प्रतिशतले र संकुचित मुद्रा प्रदाय १९.२ प्रतिशतले वृद्धि भएको छ ।




2. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ५२ अर्ब ६९ करोड (१३.७ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ११५ अर्ब ७६ करोड (५२.३ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा निर्यातको तुलनामा आयातको विस्तार उच्च रहनुका साथै वैदेशिक अनुदान अघिल्लो वर्षको तुलनामा घटेकोले मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्तिको विस्तार दर कम हुन गएको हो ।

### कुल आन्तरिक कर्जा


3. आर्थिक वर्ष २०६९/७० को एघार महिनासम्ममा कुल आन्तरिक कर्जा १०.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ६.३ प्रतिशतले मात्र बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७० जेठ मसान्तमा यस्तो कर्जा १४.० प्रतिशतले बढेको छ । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा उल्लेख्य रुपमा बढेकोले कुल आन्तरिक कर्जाको वृद्धि तुलनात्मक रुपमा उच्च रहन गएको हो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा १९.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो कर्जा ११.६ प्रतिशतले मात्र विस्तार भएको थियो ।

## सञ्चित मुद्रा

4. समीक्षा अवधिमा सञ्चित मुद्रा १.५ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा २०.० प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको सरकार माथिको खुद दावी घटेको र खुद वैदेशिक सम्पत्तिको वृद्धिदर कम भएकोले सञ्चित मुद्रामा कमी आएको हो । वार्षिक विन्दुगत आधारमा भने २०७० जेठ मसान्तमा सो मुद्रा ११.९ प्रतिशतले बढेको छ।

## बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको स्थिति

5. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन ९.८ प्रतिशत (रु. ९९ अर्ब १ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन १८.२ प्रतिशत (रु. १४९ अर्ब ९२ करोड) ले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप परिचालन क्रमशः ९.२ प्रतिशत, १०.९ प्रतिशत र ४.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंक र विकास बैंकहरुको निक्षेप परिचालन क्रमशः २०.४ प्रतिशत र २४.३ प्रतिशतले बढेको थियो भने वित्त कम्पनीहरुको निक्षेप परिचालन ०.१ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन १४.१ प्रतिशत (रु. १३७ अर्ब ६८ करोड) ले वृद्धि भई २०७० जेठ मसान्तमा रु. ११११० अर्ब ८३ करोड पुगेको छ।




## बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहको स्थिति

6. आर्थिक वर्ष २०६९/७० को एघार महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी १६.५ प्रतिशत (रु. १५९ अर्ब ५९ करोड) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी १४.१ प्रतिशत (रु. १२० अर्ब १४ करोड) ले मात्र बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको कर्जा तथा लगानी क्रमशः १६.० प्रतिशत, १३.१ प्रतिशत र ७.४ प्रतिशतले बढेको छ। वार्षिक विन्दुगत आधारमा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी १५.६ प्रतिशत (रु. १५२ अर्ब २३ करोड) ले वृद्धि भई २०७० जेठ मसान्तमा रु. ११२७ अर्ब २४ करोड पुगेको छ। समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १८.६ प्रतिशत (रु. १४४ अर्ब ८९ करोड) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १०.३ प्रतिशत (रु. ७१ अर्ब ५० करोड) ले मात्र बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह १८.३ प्रतिशतले, विकास बैंकहरुको २१.१ प्रतिशतले र वित्त कम्पनीहरुको १७.६ प्रतिशतले बढेको छ। बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा वार्षिक विन्दुगत आधारमा २०.७ प्रतिशत (रु. १५८ अर्ब २६ करोड) ले वृद्धि भई २०७० जेठ मसान्तमा रु. ९२४ अर्ब १६ करोड पुगेको छ।

7. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. २८ अर्ब ६४ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रु. २५ अर्ब ७९ करोडले बढेको थियो । त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिसम्ममा कृषि क्षेत्रतर्फको कर्जा रु. ९ अर्ब ६७ करोडले बढेको तुलनामा समीक्षा अवधिमा रु. १० अर्ब ३७ करोडले बढेको छ। समीक्षा अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. १२ अर्ब ७१ करोडले बढेको छ भने थोक

तथा खुद्रा व्यापारतर्फको कर्जा रु. ३२ अर्ब १४ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. ७ अर्ब ३२ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उपरोक्त क्षेत्रहरुमा प्रवाहित कर्जा क्रमशः रु. ८ अर्ब ३४ करोड, रु. १४ अर्ब ५८ करोड र रु. २ अर्ब ८३ करोडले बढेको थियो ।

### तरलता व्यवस्थापन

8. आर्थिक वर्ष २०६९/७० को एघार महिनासम्ममा खुला बजार कारोबार अन्तर्गत सोझै बिक्री बोलकबोल मार्फत् रु. ८ अर्ब ५० करोड बराबरको तरलता प्रशोचन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा बिक्री बोलकबोल मार्फत रु. ८ अर्ब ४० करोड तरलता प्रशोचन भएको थियो भने रिपो बोलकबोल मार्फत रु. ७४ करोड ३७ लाख बराबरको तरलता प्रवाह भएको थियो ।

9. आर्थिक वर्ष २०६९/७० को एघार महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर २ अर्ब ७८ करोड खुद खरिद गरी रु. २४२ अर्ब ६३ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब ९२ करोड खुद खरिद गरी रु. २३४ अर्ब ४५ करोडको खुद तरलता प्रवाह भएको थियो ।

10. समीक्षा अवधिमा अमेरिकी डलर २ अर्ब ८८ करोड बिक्री गरी रु. २५१ अर्ब ४७ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २ अर्ब ५० करोड बिक्री गरी रु. १९९ अर्ब ५१ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

### अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग

11. आर्थिक वर्ष २०६९/७० को एघार महिनासम्ममा वाणिज्य बैंकहरुले रु. ६७५ अर्ब २७ करोड र अन्य वित्तीय संस्थाहरू (विकास बैंक र वित्त कम्पनीहरु) ले रु. १६३ अर्ब ४० करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरूले क्रमशः रु. २०५ अर्ब ८ करोड र रु. १६३ अर्ब ४९ करोड बराबरको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा रु. ५४ अर्ब २० करोडको स्थायी तरलता सुविधा उपयोग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. ५ अर्ब ५७ करोडको मात्र स्थायी तरलता सुविधा उपयोग भएको थियो ।


### ब्याजदर

12. २०७० को जेठ महिनामा अघिल्लो वर्षको सोही महिनाको तुलनामा अल्पकालीन ब्याजदरहरु मध्ये ९१-दिने ट्रेजरी विल र वाणिज्य बैंकहरुको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदरमा केही वृद्धि भएको छ भने अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक भारित औसत ब्याजदरमा कमी आएको छ । सो अनुसार ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर अघिल्लो वर्षको जेठ महिनामा १.३४ प्रतिशत रहेकोमा २०७० जेठ महिनामा २.६७ प्रतिशत पुगेको छ । त्यसैगरी, वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर अघिल्लो वर्षको जेठमा ०.८४ प्रतिशत रहेको तुलनामा २०७० जेठमा १.३६ प्रतिशत पुगेको छ भने अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर अघिल्लो वर्षको जेठमा ६.९६ प्रतिशत रहेको तुलनामा २०७० जेठमा ५.५४ प्रतिशत रहेको छ ।


13. २०७० को जेठ महिनामा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ५.२० प्रतिशत रहेको छ भने कर्जाको भारित औसत ब्याजदर १२.३४ प्रतिशत रहेको छ । सो अनुसार, निक्षेप र कर्जा बीचको ब्याजदर अन्तर ७.१४ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी, वाणिज्य बैंकहरुको औसत आधार दर २०७० को बैशाख महिनामा ९.७० प्रतिशत कायम हुन आएको छ ।

## धितोपत्र बजार

14. नेप्से सूचकाङ्क वार्षिक बिन्दुगत आधारमा ३५.६ प्रतिशतले वृद्धि भई २०७० जेठ मसान्तमा ४९४.४ बिन्दुमा पुगेको छ । उक्त सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिमा २२.५ प्रतिशतले वृद्धि भई २०६९ जेठ मसान्तमा ३६४.७ बिन्दु कायम भएको थियो ।




15. धितोपत्रको बजार पूँजीकरण वार्षिक बिन्दुगत आधारमा ४२.२ प्रतिशतले वृद्धि भई २०७० जेठ मसान्तमा रु. ४८९ अर्ब ८६ करोड कायम भएको छ । २०७० जेठ मसान्तमा कायम रहेको बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरू (बीमा कम्पनी समेत) को अंश ७२.७ प्रतिशत रहेको छ भने उत्पादन तथा प्रशोधन क्षेत्रको ३.२ प्रतिशत, होटलहरूको १.८ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.२ प्रतिशत, जलविद्युत क्षेत्रको ६.० प्रतिशत र अन्यको अंश १६.१ प्रतिशत रहेको छ ।





16. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०६९ जेठ मसान्तसम्ममा २१७ रहेकोमा २०७० जेठ मसान्तसम्ममा २२७ पुगेको छ । सूचीकृत कम्पनीहरूमध्ये १९५ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ४ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

17. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी वार्षिक बिन्दुगत आधारमा १५.७ प्रतिशतले बढी २०७० जेठ मसान्तमा रु. १२५ अर्ब ९७ करोड पुगेको छ । चालू आर्थिक वर्षको एघार महिनासम्ममा रु. ८ अर्ब २ करोड ११ लाख बराबरको साधारण शेयर, रु. ३ अर्ब ६५ करोड ६९ लाख बराबरको बोनस शेयर, रु. २८ करोड १० लाख बराबरको हकप्रद शेयर रु. ८० करोड बराबरको वाणिज्य बैंकको डिवेन्चर र रु. ७५ करोड बराबरको म्यूचुअल फण्ड गरी कुल रु. १३ अर्ब ५० करोड ८९ लाख बराबरको थप धितोपत्र सूचीकृत भएको छ ।

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति

18. २०७० जेठ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति दर ८.२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति दर ९.९ प्रतिशत रहेको थियो । समीक्षा महिनामा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्कको वृद्धिदर ७.७ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको सूचकाङ्कमा ८.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी दुवै समूहहरुको मूल्य सूचकाङ्कमा ९.९ प्रतिशतले वृद्धि भएको थियो ।




19. २०७० जेठ महिनामा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये मसला उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्कको वृद्धिदर सबैभन्दा बढी अर्थात १६.२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त उप-समूहको मूल्य सूचकाङ्कमा  १०.४ प्रतिशतले ह्रास आएको थियो । माछा मासु र खाद्यान्न उप-समूहहरुको मूल्य सूचकाङ्कमा २०७० जेठ महिनामा क्रमशः १४.५ प्रतिशत र १२.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी उप-समूहहरुको मूल्य सूचकाङ्कमा १३.० प्रतिशत र १.० प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा ९.० प्रतिशत र १२.३ प्रतिशतले वृद्धि भएको सूर्तिजन्य पदार्थ र रेष्टुरेन्ट तथा होटल उप-समूहहरुको मूल्य सूचकाङ्कमा २०७० जेठ महिनामा ११.४ प्रतिशत र १०.८ प्रतिशतले वृद्धि भएको छ । तरकारी उप-समूहको मूल्य सूचकाङ्कमा भने २०६९ जेठको तुलानमा २०७० जेठमा ९.१ प्रतिशतले कमी आएको छ ।


20. २०७० जेठ महिनामा गैर-खाद्य तथा सेवा समूहका वस्तुहरुमध्ये शिक्षा उप-समूहको मूल्य सूचकाङ्क वार्षिक विन्दुगत आधारमा १२.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ८.९ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी, फर्निसिङ्ग तथा घरायसी उपकरण र लत्ता-कपडा तथा जुत्ता-चप्पल उप-समूहहरुको मूल्य सूचकाङ्कमा समीक्षा अवधिमा क्रमशः ११.५ प्रतिशत र १०.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त उप-समूहहरुको मूल्य सूचकाङ्कमा १३.६ प्रतिशत र १५.१ प्रतिशतले वृद्धि भएको थियो । संचार उप-समूहको मूल्य सूचकाङ्कमा भने २०७० जेठ महिनामा ०.८ प्रतिशतले ह्रास आएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त उप-समूहको मूल्य सूचकाङ्कमा ७.१ प्रतिशतले ह्रास आएको थियो ।

21. क्षेत्रगत आधारमा विश्लेषण गर्दा २०७० जेठ महिनामा वार्षिक विन्दुगत मूल्य सूचकाङ्क सवैभन्दा बढी तराईमा ८.४ प्रतिशतले वृद्धि भएको छ भने काठमाण्डौ उपत्यका र पहाडको मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः ८.२ प्रतिशत र ७.८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः १०.१ प्रतिशत, ९.४ प्रतिशत र १०.३ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति

22. २०७० जेठ महिनामा थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर ६.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ९.२ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गत कृषिजन्य बस्तु, आयातित वस्तु तथा स्वदेशमा उत्पादित वस्तुको मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः ८.५ प्रतिशत, ५.१ प्रतिशत र ४.२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सूचकाङ्कको वृद्धिदर क्रमशः ८.७ प्रतिशत, ११.९ प्रतिशत र ६.६ प्रतिशत रहेको थियो ।

चार्ट ६: थोक मुद्रास्फीति (एघार महिना)




### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

23. २०७० जेठ महिनामा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ७.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क २१.३ प्रतिशतले वृद्धि भएको थियो । २०७० जेठ महिनामा तलब सूचकाङ्कमा कुनै परिवर्तन भएको छैन तर, ज्यालादर सूचकाङ्कमा ९.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा तलव सूचकाङ्कमा १९.३ प्रतिशतले वृद्धि भएको थियो भने ज्यालादर सूचकाङ्कमा २१.८ प्रतिशतले वृद्धि भएको थियो ।

24. २०७० जेठ महिनामा ज्यालादर अन्तर्गत कृषि मजदुरको वार्षिक विन्दुगत ज्यालादर सूचकाङ्क १२.१ प्रतिशतले, औद्योगिक मजदुरको ४.४ प्रतिशतले र निर्माण मजदुरको ४.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित सूचकाङ्कहरुमा क्रमशः १७.७ प्रतिशत, ३२.० प्रतिशत र २१.२ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति *


### बजेट घाटा/बचत

25. आर्थिक वर्ष २०६९/७० को एघार महिनासम्ममा सरकारी बजेट रु. ३२ अर्ब ९३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. ११ अर्ब ३३ करोडले मात्र बचतमा रहेको थियो । समीक्षा अवधिमा स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून रहेकोले सरकारी बजेट बचत उल्लेख्य रहेको हो ।

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६६ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४४ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, नेपाल बंगलादेश बैंक लिमिटेडको १ शाखा र ग्लोबल आईएमई बैंक लिमिटेडको १ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।


## सरकारी खर्च

26. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च २.७ प्रतिशतले वृद्धि भई रु. २५७ अर्ब ४३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च १८.१ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष व्यतित भएको नवौं महिनामा मात्र पूर्ण आकारको बजेट प्रस्तुत भएकोले सरकारी खर्चको वृद्धिदरमा कमी आएको हो ।




## सरकारी राजस्व

27. आर्थिक वर्ष २०६९/७० को एघार महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन २२.० प्रतिशतले वृद्धि भई रु. २५७ अर्ब ४६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व २०.० प्रतिशतले वृद्धि भई रु. २१० अर्ब ९६ करोड पुगेको थियो । खासगरी आयातमा भएको वृद्धिका कारणले समीक्षा अवधिमा राजस्व परिचालन उच्च रहेको हो ।




28. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्व १६.७ प्रतिशतले वृद्धि भई रु. ७५ अर्ब ४६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सोको वृद्धिदर १६.० प्रतिशत रहेको थियो । आयात तर्फको मूल्य अभिवृद्धि करमा उच्च वृद्धि भएको कारण मूल्य अभिवृद्धि करको वृद्धिदर बढेको हो ।

29. समीक्षा अवधिमा नेपाल सरकारको भन्सार महसूलबाट प्राप्त हुने राजस्व ३३.४ प्रतिशतले वृद्धि भई रु. ५१ अर्ब ३६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो राजस्व १९.४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा समग्र आयातका साथै उच्च भन्सार दर लाग्ने सवारी साधनहरु तथा पाटपुर्जाको आयातमा वृद्धि भएको कारण भन्सार राजस्वको वृद्धिदर उच्च रहेको हो ।

30. समीक्षा अवधिमा सरकारको आयकर राजस्व ३०.७ प्रतिशतले वृद्धि भई रु. ५४ अर्ब ६३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा आयकर राजस्व २४.८ प्रतिशतले वृद्धि भएको थियो । आयकर प्रशासनमा भएको सुधार र करदाता शिक्षाको सकारात्मक प्रभावको कारण समेत आयकर राजस्वमा वृद्धि भएको हो ।

31. समीक्षा अवधिमा अन्तःशुल्क राजस्व २२.२ प्रतिशतले वृद्धि भई रु. ३२ अर्ब ५७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त राजस्व १३.२ प्रतिशतले वृद्धि भएको थियो । उच्च अन्तःशुल्क दर भएका सवारी साधनको आयातमा वृद्धि आएको कारण अन्तःशुल्क राजस्वमा वृद्धि भएको हो ।

32. समीक्षा अवधिमा नेपाल सरकारको गैर-कर राजस्व रु. ३१ अर्ब ६१ करोड संकलन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त राजस्व रु. ३२ अर्ब ९ करोड संकलन भएको थियो ।


### वैदेशिक नगद ऋण र अनुदान

33. आर्थिक वर्ष २०६९/७० को एघार महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋण वापत रु. ९ अर्ब ३४ करोड र वैदेशिक नगद अनुदान वापत रु. २३ अर्ब ७१ करोड प्राप्त भएको छ। अघिल्लो वर्षको सोही अवधिमा ती शीर्षकहरुमा क्रमशः रु. ४ अर्ब २६ करोड र रु. ३९ अर्ब ५४ करोड प्राप्त भएको थियो।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

34. आर्थिक वर्ष २०६९/७० को एघार महिनासम्ममा कुल वस्तु निर्यात ४.० प्रतिशतले वृद्धि भई रु. ६९ अर्ब ९३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात १६.३ प्रतिशतले वृद्धि भई रु. ६७ अर्ब २१ करोड रहेको थियो। भारत तथा अन्य मुलुक दुबैतर्फको निर्यातको वृद्धिदर न्यून रहन गएको कारण वस्तु निर्यातको वृद्धिदर कम रहेको हो। मासिक रुपमा हेर्दा चालू आर्थिक वर्षको जेठ महिनामा कुल वस्तु निर्यात बैशाख महिनाको तुलनामा ६.८ प्रतिशतले बढेको छ।



चार्ट ९: वैदेशिक व्यापार (एघार महिना)

35. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्षको एघार महिनासम्मको १६.७ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २.६ प्रतिशतले मात्र बढेको छ। त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्षको एघार महिनासम्मको अवधिमा १५.६ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ७.० प्रतिशतले मात्र बढेको छ। अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको ४.९ प्रतिशत वृद्धिको विपरीत समीक्षा अवधिमा २.५ प्रतिशतले ह्रास आई अमेरिकी डलर २६ करोड ८१ लाख रहेको छ। भारततर्फ मुख्यतयाः जी.आई.पाइप, जुटको बोरा, जिङ्क शिट, तार, पोलिष्टर यार्न लगायतका वस्तुको निर्यात बढेको छ भने अन्य मुलुकतर्फ विशेषगरी दाल, प्रशोधित छाला र छालाका तयारी वस्तुको निर्यातमा वृद्धि भएको छ।

36. समीक्षा अवधिमा कुल वस्तु आयात २१.२ प्रतिशतले बढेर रु. ५०८ अर्ब ६० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १६.८ प्रतिशतले वृद्धि भई रु. ४१९ अर्ब ५७ करोड रहेको थियो। मूलतः भारततर्फको आयात उच्च दरले बढेकोले कुल वस्तु आयातको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा समीक्षा अवधिमा उच्च रहन गएको हो। मासिक रुपमा हेर्दा जेठ महिनामा कुल वस्तु आयात बैशाख महिनाको तुलनामा ०.६ प्रतिशतको सीमान्त दरले बढेको छ।

37. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिको १३.६ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २३.३ प्रतिशतको उच्च दरले बढेको छ। त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिको २३.१ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १७.३ प्रतिशतले बढेको छ। अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु आयात अघिल्लो वर्षको सोही अवधिको ११.२ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ७.२ प्रतिशले वृद्धि भई अमेरिकी डलर १ अर्ब ९७ करोड पुगेको छ। भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पार्टस्,

सिमेन्ट, चामल तथा अन्य मेशिनरी तथा पार्टस् लगायतको आयात बढेको कारण त्यस तर्फको आयात उच्च दरले बढेको हो । अन्य मुलुकबाट विशेषगरी सञ्चारका उपकरणहरु, चाँदी, तयारी पोशाक, पाईप तथा पाईप फिटिङ्ग र रासायनिक मल लगायतको आयात बढेको कारण त्यस तर्फको आयात बढेको हो ।

38. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा २४.५ प्रतिशतले वृद्धि भई रु. ४३८ अर्ब ६७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा १६.८ प्रतिशतले बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा समीक्षा अवधिमा २७.४ प्रतिशतको उच्च दरले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतसँगको यस्तो घाटा १३.० प्रतिशतले मात्र बढेको थियो । त्यस्तै, अघिल्लो वर्षको सोही अवधिमा २४.५ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा १९.२ प्रतिशतले बढेको छ ।

39. निर्यातको तुलनामा आयातको उच्च वृद्धिका कारण निर्यात-आयात अनुपात समीक्षा अवधिमा १३.७ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १६.० प्रतिशत रहेको थियो ।


## शोधनान्तर स्थिति

40. आर्थिक वर्ष २०६९/७० को एघार महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. ५२ अर्ब ६९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत रु. ११५ अर्ब ७६ करोड रहेको थियो । समीक्षा अवधिमा चालू खाता रु. ४१ अर्ब ५६ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता रु. ६१ अर्ब ५६ करोडले बचतमा रहेको थियो । खासगरी वस्तु तथा सेवा आयातमा भएको उल्लेख्य वृद्धिका कारण समीक्षा अवधिमा चालू खाता बचत अघिल्लो वर्षको सोही अवधिको तुलनामा कम रहन गएको हो । अमेरिकी डलरमा समीक्षा अवधिमा चालू खाता बचत ४७ करोड १८ लाख डलर रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता ७४ करोड ७९ लाख डलरले बचतमा रहेको थियो ।

41. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्षको सोही अवधिमा १६.७ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २४.३ प्रतिशतले बढी रु. ४२१ अर्ब ७९ करोड पुगेको छ। समीक्षा अवधिमा खूद सेवा आय रु. ७ अर्ब १५ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु. १४ अर्ब २३ करोडले बचतमा रहेको थियो । त्यस्तै, खूद ट्रान्सफर आय अघिल्लो वर्षको सोही अवधिको ३५.२ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १८.४ प्रतिशतले बढी रु. ४४६ अर्ब ५० करोड पुगेको छ । ट्रान्सफर अन्तर्गतको विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही अवधिको ३९.६ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २१.३ प्रतिशतले वृद्धि भई रु. ३८८ अर्ब ४६ करोड पुगेको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको सोही अवधिको २५.२ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ११.८ प्रतिशतले वृद्धि भई ४ अर्ब ४५ करोड डलर पुगेको छ । मासिकरुपमा हेर्दा विप्रेषण आप्रवाह चालू आर्थिक वर्षको बैशाख महिनाको तुलनामा जेठ महिनामा १४.३ प्रतिशतले वृद्धि भएको छ ।

## विदेशी विनिमय सञ्चिति

42. २०७० जेठ मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६९ असार मसान्तको रु. ४३९ अर्ब ४६ करोडको तुलनामा १६.४ प्रतिशतले वृद्धि भई रु. ५११ अर्ब ६९ करोड पुगेको छ । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६९ असार मसान्तको रु. ३७५ अर्ब ५२ करोडको तुलनामा २०७० जेठ मसान्तमा १२.५ प्रतिशतले वृद्धि भई रु. ४२२ अर्ब ५२ करोड पुगेको छ । अमेरिकी डलरमा बैकिङ्ग क्षेत्रको कुल सञ्चिति २०६९ असारदेखि २०७० जेठ मसान्तसम्ममा ११.३ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ५ अर्ब ५२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति २५.६ प्रतिशतले बढेको थियो । त्यसैगरी, समीक्षा अवधिमा अपरिवर्त्य भारतीय मुद्रा सञ्चिति १७.६ प्रतिशतले वृद्धि भई भा.रु. ७१ अर्ब पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति ८९.७ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०६९/७० को एघार महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ११.३ महिनाको वस्तु आयात र ९.७ महिनाको वस्तु तथा सेवा आयात धान्ने देखिन्छ ।




## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

43. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६९ जेठ मसान्तमा प्रति व्यारल अमेरिकी डलर ९७.१३ रहेकोमा २०७० जेठ मसान्तमा ८.२ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर १०५.१० पुगेको छ । सुनको मूल्य २०६९ जेठ मसान्तको तुलनामा २०७० जेठ मसान्तमा १४.५ प्रतिशतले ह्रास भई प्रति आउन्स अमेरिकी डलर १३९१.२५ कायम रहेको छ ।

44. २०६९ असार मसान्तको तुलनामा २०७० जेठ मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.४ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १९.९ प्रतिशतले अवमूल्यन भएको थियो । २०७० जेठ मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ९२.७२ पुगेको छ । २०६९ असार मसान्तमा उक्त विनिमय दर रु. ८८.६० रहेको थियो ।